नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २०९ २०८० साल चैत १० गते शनिबार (23 Mar. 2024 Saturday) मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : कसले लेख्ने सीमान्तकृतको... ३ पृष्ठमा : जनकपुरधाममा महामूर्खको... ३ पृष्ठमा : ईयूद्वारा रूसी खाद्यान्न ...

## जसरी भएपनि सत्तामा पुग्न र सत्ता टिकाउनका लागी वर्तमान गठबन्धन : राप्रपा अध्यक्ष लिङदेन



**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत ।**

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङदेनले जसरी भएपनि सत्तामा पुग्न र सत्ता टिकाउनका लागी बर्तमान गठबन्धन बनेको बताएका छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी ( राप्रपा) सप्तरीद्वारा शुक्रवार राजविराजमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले यस्तो बताएका हुन् ।

अहिलेको सत्ता समिकरण स्वार्थ समुहको झुण्ड मात्र रहेको भन्दै उनले यसबाट मुलुकको समस्या समाधान नहुने समेत बताए ।

यस अघि पछिल्लो संसदीय निर्वाचन लगतै बनेको सरकारमा विकास, सुशासन र स्थिरता हासिल हुन सकोस भनी नीति सिद्धान्त नमिल्दा पनि आफुहरु सरकारमा केही समयका लागी सहभागी भएपनि सोचे जस्तो लक्षण नदेख्दा बाहिरिएको स्पष्ट पारे ।

मुलुक धर्मनिरपेक्षताका कारण हिन्दु धर्ममाथी निरन्तर विभिन्न वहानामा प्रहार भइरहेको बताउदै उनले मधेश प्रदेशमा पनि त्यसको असर देखिएको दाबी गरे ।

मुलुकको अवस्था हेरेर नियोगको रुपमा रहे पनि राजसंस्था आवश्य रहेको बताउँदै उनले त्यसका लागी पार्टीले अघि सारेको नीति समय सापेक्ष देखिन थालेको जिकिर गरे ।

आफुहरुका लागी सरकारमा जानेका कुरा प्राथमिक्ताको विषय नरहेको कुरा प्रष्ट पार्दै उनले आन्दोलनलाई अगाडी बढाउने अभियान जारी रहेको उल्लेख गरे ।

गृहमन्त्री रवी लामिछानेको विषयमा अहिले उठेको प्रश्नको बारेमा राखिएको जिज्ञासामा अध्यक्ष लिङ्गदेनले प्रश्न उठिसकेपछि त्यसको टुङ्गो नलागे सम्म गृहमन्त्रीले राजीनामा दिएर मार्ग प्रशस्त गर्नु नै उत्तम हुने विचार ब्यक्त गरे ।

उनले संघियताका लागी मधेशले ठूलो बलिदान गरेपनि सत्ता

*बाँकी अन्तिम पृष्ठमा*

## राजविराजमा काठ बिक्री डिपो कार्यालय पुनःसंचालन



**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत ।**

काठ विक्री डिपो कार्यालय शुक्रवारदेखि राजविराजमा पुनः संचालनमा आएको छ । २५ वर्ष पहिले राजविराजबाट हटाइएको उक्त डिपो कार्यालयको संघीय वन तथा वातावरण मन्त्री नवलकिशोर साहले उद्घाटन गरेका छन् ।

राजविराज नगरपालिका ८ मा खोलिएको उक्त कार्यालयको एक समारोह बीच मन्त्रि साहले उद्घाटन गरेपछि विधिवत संचालनमा आएको छ ।

उद्घाटनकै दिन शुक्रवार उक्त डिपोबाट १ लाख भन्दा बढीको काठ बिक्री भएको डिभिजन वन कार्यालय सप्तरीका प्रमुख सुभाष दासले जानकारी दिएका छन् । काठ खरीद गर्ने पहिलो ग्राहक रहेका राजविराज नगरपालिका १३ विषयहरियाका पाण्डु रजकलाई मन्त्रि साहले स्वयं बिल हस्तान्तरण गरेका थिए ।

सो अवसरमा मन्त्रि साहले यस क्षेत्रका जनताको २५ वर्षको पर्खाइ पुरा भएको भन्दै नेपाल सरकारको मातहतमा रहेको नेपाल वन निगम लिमिटेडको काठ विक्री डिपो कार्यालय संचालन भएपछि सर्वसाधारणले राहात पाउने विश्वास व्यक्त गरे ।

मन्त्रिको पदभार ग्रहण गरेपछि पहिलो पल्ट गृह जिल्ला आएका उनले आफुलाई जनताको सेवक भएको बताउँदै सेवा गर्ने उद्देश्यले नै मन्त्रि पदको जिम्मेवारीमा पुगेको बताए । २५ वर्ष अघि तत्कालिन मन्त्रि एवम् मधेशवादी नेता गजेन्द्र नारायण सिंहको पालामा यहाँ वन मन्त्रालयले काठ बिक्री डिपो कार्यालय संचालनमा ल्याएको थियो । तर उनी पदबाट हटेपछि उक्त डिपो कार्यालय सिराहाको लहान सारिएको थियो ।

## सप्तरीमा दिनाभद्री जन्मोत्सव मनाइने



**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत ।**

सप्तरीमा दिनाभद्री जन्मोत्सव मनाइने भएको छ । यही चैत २५, २६ र २७ गते तिन दिनसम्म उक्त महोत्सव मनाइने छ ।

जिल्लाको बोदेबसाइन र खडक नगरपालिकाको सीमामा रहेको जोगीया जाँजरमा बोदेबसाइन नगरपालिका २ र खडक नगरपालिका ८ स्थित रहेको जोगीया जाँजरमा दिनाभद्री जन्मोत्सव विभिन्न कार्यक्रमका साथ मनाइने आयोजकले जनाएको छ ।

दिनाभद्री जन्मोत्सवको अवसरमा सांस्कृतिक कार्यक्रमका साथै पुजापाठ, भजन, किर्तन, दिप प्रज्वलन लगायत धार्मिक कार्यक्रम समेत आयोजना हुने प्रचार प्रसार समितिका संयोजक गंगा सदाले जानकारी दिएका छन् ।

उनका अनुसार विगत २५ वर्षदेखि दिनाभद्री जन्मोत्सव मनाउदै आएकोमा यस पटक जन्मोत्सवको तयारीका लागी रंगरोगन, सरसफाई, मञ्च व्यवस्थापन, दिपोत्सव, लगायतका काम अघि बढाउन विभिन्न उपसमिति समेत गठन गरिएको छ ।

भक्तजनलाई व्यवस्थित तरिकाले दर्शन गर्ने ब्यवस्थाका लागी स्वयसेवक परिचालन, जिल्ला प्रहरी कार्यालयको सहयोगमा शान्ति सुरक्षाको व्यवस्था मिलाईने तयारी भएको उनको भनाई छ । दिनाभद्रीलाई मुसहर (सदा) जातीको कुलदेउताको रुपमा पुजिने गरिएको छ ।

## महरा हाजिरी जमानीमा रिहा

काठमाडौं, ९ चैत (रासस) ।

सुन तस्करी प्रकरणमा पक्राउ परेका नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का उपाध्यक्ष तथा पूर्वसभामुख कृष्णबहादुर महरा शुक्रबार हाजिरी जमानीमा रिहा हुनुभएको छ ।

महरालाई उहाँका छोरा निर्मल महराको जिम्मामा हाजिरी जमानीमा छाडिएको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)का प्रवक्ता एवं प्रहरी उपरीक्षक होविन्द्र बोगटीले जानकारी दिनुभयो । सीआईबी र जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंको टोलीले

*बाँकी तीन पृष्ठमा*

फागु पर्व सभ्य रुपमा मनाऔं ।

- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं,
- लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने जस्ता काम जबरजस्ती नगरौं,
- सामाजिक तथा साँस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं,
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं,
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं,
- गैरकानूनी र उच्छृङ्खल व्यवहार नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# कसले लेख्ने सीमान्तकृतको इतिहास ?

**राजकुमार दिक्पाल**
काठमाडौं, ९ चैत (रासस)।

सामाजिक र भौगोलिक विविधताले नेपालको सौन्दर्य भरिपूर्ण छ तर यहीँ विविधताभित्र अनेकौं असमानता पनि छन्। ती असमानतालाई विभिन्न कोणबाट निरुपण गर्न प्राज्ञिक माध्यमबाट पनि प्रयास थाल्नुपर्ने ठूलो आवश्यकता छ। विकास र शान्तिका लागि सामाजिक असमानता ठूलो बाधक हो। समतामूलक समाज निर्माणका लागि विगतमा भएका कमजोरीको इतिहास बटुलेर त्यसलाई निफन्न जरुरी छ। विगतमा राज्यबाटै ऐन निर्माणका क्रमबाट भएका कमीकमजोरीले कतिपय जातिगत र सामाजिक समूह अहिले पनि सीमान्तकृत अवस्थामा गुज्रिएका छन्। त्यसैले सीमान्तकृतको छुट्टै इतिहास लेखनको क्षेत्रले पनि यथोचित प्रोत्साहन पाउन सकेन। नेपालको इतिहास भनेकै राजा महाराजाको गाथा हो भन्ने धारणालाई चिर्न पनि अब सीमान्तकृतको इतिहास लेखनले उचित वातावरणको खोजी गरिरहेको यस प्रसङ्गमा स्मरणीय छ।

**नेपालको इतिहास लेखन**

तत्कालीन ईष्ट इन्डिया कम्पनीका कर्णेल विलियम कर्कप्याट्रिकले सन् १८११ (विसं १८६८) मा प्रकाशित गरेको 'एन एकाउन्ट अफ द किङडम अफ नेपाउल' नेपालका बारेमा लेखिएको पहिलो इतिहासको पुस्तक हो। उनी १८४९ सालमा नेपाल आएका थिए। एक महिना जति नेपाल बस्दा उनले जे जति टिपोट गर्न भ्याए, त्यसैलाई उनले पुस्तकका रूपमा प्रकाशित गरे। त्यसको आठ वर्षपछि फ्रान्सिस ह्यामिल्टनले 'एक एकाउन्ट अफ द किङडम अफ नेपाल' (सन् १८१९) प्रकाशित गरे। नेपालको इतिहास लेखिएको यो दोस्रो पुस्तक हो।

नेपालमा इस्ट इन्डिया कम्पनीको रेजिडेन्स खुलेपछि ह्यामिल्टन एक चिकित्सकका रूपमा नेपाल आएका थिए। त्यही मौकामा उनले नेपालको इतिहास बटुलेर पुस्तकको आकार दिए। विदेशी लेखकले नेपालको इतिहास प्रकाशित गरेको एक सय तीन वर्षपछि १९७९ सालमा बल्ल एक नेपाली लेखक अम्बिकाप्रसाद उपाध्यायले 'नेपालको इतिहास' प्रकाशित गरे। भारतमा रहेर कानुनविद्का रूपमा काम गरिरहेको बेला उनले यो पुस्तक प्रकाशित गर्दा चन्द्रशमशेरले नेपालको शासन चलाइरहेका थिए। 'नेपाल देशका अधिपति', 'विष्णुको अंश' आदि विशेषणका साथ चन्द्रशमशेरलाई नै समर्पण गरिएको यो पुस्तक राणाहरूको प्रशंसाले भरिएको छ।

राणाकालजस्तो त्यो अन्धकार युगमा पुस्तक प्रकाशित गर्नु एक जोखिमपूर्ण काम थियो। त्यस्तो जोखिमपूर्ण समयमा प्रा तोत्रराज पाण्डे र पं नयराज पन्त मिलेर २००४ साल 'नेपालको सङ्क्षिप्त इतिहास'को प्रकाशन भयो। त्यहीँ बेला भारतमा आएको नवजागरणले त्यहाँ रहेका नेपालीलाई पनि प्रभाव पारेको थियो। त्यसैबेला दार्जिलिङमा सूर्यविक्रम ज्ञवालीले द्रव्य शाह र पृथ्वीनारायण शाहको इतिहास लेखेका ज्ञवालीले 'भानुभक्तको जीवनी', 'अमरसिंह थापा', 'वीर बलभद्र' जस्ता इतिहास पनि लेखे। भानुभक्त आचार्य, अमरसिंह थापा, बलभद्र कुँवरहरू कुनै राजा महाराजा होइनन्। भुईंबाट उठेर देशको सेवा गर्ने यी व्यक्तित्वहरूको इतिहासको लेखनले त्यसबेलै इतिहास राजा महाराजाहरूको मात्रै हुँदैनन् भन्ने मान्यता स्थापित हुन पुगेको थियो। राणाशासनकै समयमा सिक्किमको गान्तोकमा रहेर इमानसिंह चेम्जोङले 'किरात इतिहास' लेखेर इतिहास लेखनको क्षेत्रमा अर्को आयाम थपे। उनले जातिगत र सामाजिक समूहको पनि छुट्टै इतिहास लेख्न सकिन्छ भन्ने अवधारणा त्यसबेलै प्रस्तुत गरेका थिए तर त्यसपछि लेखिएका इतिहासहरू राजा महाराजाकै सेरोफेरोबाट खासै मुक्त हुन सकेको देखिँदैन।

**सीमान्तकृत समूह**

राजा जयस्थिति मल्लको थितिलाई नेपालको प्रारम्भिक कानुनको प्रारुप मानिएको छ। विसं १९१० मा जङ्गबहादुरले बनाएको मुलुकी ऐन नै नेपालको पहिलो लिखित कानुन हो। यो ऐनले नेपालका जाति र सामाजिक समूहलाई विभेदयुक्त ढङ्गले विभाजित गरेर एउटै अपराधमा जातिअनुसार कसैलाई धेरै र कसैलाई कम सजाय दिने व्यवस्था गऱ्यो।

'छोइछिटो हाल्नु पर्ने अछूत' र 'छोइछिटो हाल्नु नपर्ने अछूत' भनी कानुनी रूपमा तोकेरै छुवाछूतलाई मुलुकी ऐनले मान्यता दियो भने 'मासिन्या मतुवाली' र 'नमासिन्या मतुवाली' भनेर समुदायमा अर्को विभेदको पर्खाल पनि मुलुकी ऐनले नै खडा गऱ्यो। आज यिनै जाति तथा समुदाय सीमान्तकृत अवस्थामा छन्। विगतमा गरिएका यस्ता कमीकमजोरीले कतिपय जाति तथा समुदाय सीमान्तकृत अवस्थामा छन्। उनीहरू आर्थिक, सामाजिक, शैक्षिकजस्ता सबै क्षेत्रमा पछौटेपन र अवसरविहीनताको सिकार बनेका छन्। उनीहरूको इतिहास पनि न्यायोचित ढङ्गले लेख्नु त कता हो कता, अग्रज इतिहासकारले यसप्रति गम्भीर भएर विचार गर्ने चेष्टासमेत गरेको पाइँदैन। त्यसैले पनि इतिहास भनेकै राजा महाराजाको गाथा भन्ने धारणा बलियो रूपमा स्थापित हुन पुगेको हो। यसले इतिहास विधालाई नै न्याय गरेको ठहर हुँदैन।

**इतिहासको स्रोत**

लिखित दस्तावेज नै इतिहासको मूल स्रोत हो। इतिहास भनेको विगतको घटनाको प्रामाणिक लेखन र प्रस्तुति हो। विगतमा लेखिएर सुरक्षित रूपमा राखिएका दस्तावेजहरूका आधारमा प्रामाणिक इतिहास लेखिन्छ। यसैगरी, सम्बन्धित घटनाका साक्षीले व्यक्त गरेको धारणाहरू पनि इतिहासका प्रमाणहरू हुन्।

सीमान्तकृत समुदायको इतिहास लेखनको मूल समस्या भनेकै उनीहरूसँग सम्बन्धित लिखित दस्तावेजको अभाव हो। सीमान्तकृत समुदायमा अहिले पनि लेखन तथा दस्तावेजीकरणको अभाव छभने विगतमा लेखन र दस्तावेजीकरणको परम्परा नै थिएन। इतिहासको महत्वपूर्ण स्रोतका रूपमा रहेका शिलालेख, भोजपत्र, लालमोहर, इस्तिहार, मुद्दा आदि विगतमा राजा, मुखियार वा भारदारहरूबाट प्रसारित हुने गर्थे। यस्ता सामग्रीमा तत्कालीन समाजका कुलीन र अधिकारसम्पन्न वर्गका सवालले मूलरूपमा प्राथमिकता पाउने गर्दा पनि सीमान्तकृत समुदायको इतिहास लेखनमा समस्या आएको हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ।

नेपाली लेखकको कलमबाट इतिहास लेखनको परम्परा सुरु हुँदा सम्बन्धित लेखकले तत्कालीन समयका शासकको गुणगानका प्रशस्त कलमको मसी खर्च गरेको प्रसङ्ग माथि उल्लेख गरिसकिएको छ। नेपालमा राजतन्त्र सक्रिय रहँदासम्म पुराना ऐतिहासिक सामग्रीहरूको अध्ययनको पहुँच सहज पनि थिएन। यस्तो अहसज परिस्थितिमा राजदरबारको प्रतिकूल हुने गरी इतिहास लेख्नु जोखिमपूर्ण पनि थियो। त्यसैले नेपाली इतिहासकारहरूले सकेसम्म राजदरबारप्रति नरम भाषा प्रयोग गर्दै इतिहास लेख्दै जाँदा इतिहास भनेकै राजा महाराजाको गुणगान हो भन्ने प्रतीत हुन पुग्यो। यिनै कारणहरूले इतिहासकारहरूले सीमान्तकृतहरूको सवाललाई सीमान्तमा मात्र पारेनन्, यसप्रति उनीहरूको खासै ध्यानाकर्षण हुन सकेन। परिणाममा सीमान्तकृतहरूको इतिहास लेखिएन।

हिजो सीमान्तकृतहरूको इतिहास लेखिएन भनेर अब लेखकहरूले कलम थन्क्याएर बस्न पनि भएन। सीमान्तकृतहरूको इतिहास लेखनको क्षेत्र व्यापक छ तर यसमा लेखन प्रयासहरू भने नगण्य छ। त्यसो त राजा महाराजाहरूबाट प्रसारित शिलालेख, लालमोहर, इस्तिहार, सनद आदिबाटै सीमान्तकृतहरूको ऐतिहासिक सवाल खोज्न नसकिने होइन। उदाहरणका लागि, तत्कालीन श्री ३ महाराज तथा प्रधानमन्त्री भीमशमशेरले १९८९ भदौ ६ मा जारी गरेको इस्तिहारलाई लिन सकिन्छ। यो इस्तिहारमा विगतमा तामाङ लेख्न नपाइने अवस्था रहेकामा अबदेखि भोटे नभनी तामाङ भनी लेख्ने बोलाउने गर्नू भन्ने उल्लेख छ। यसबाट विगतमा तामाङहरूले भोग्न परेको जातीय पहिचानकै इतिहासलाई खोतलखातल गर्न ठूलो सहयोग मिल्छ।

यस्तै १८८८ कात्तिक सुदी १४ मा तत्कालीन राजाले दूधकोशी र बहादुरा खोला पूर्व र अरुण पश्चिम माझकिरातका तालुकदारहरूको नाममा जारी गरेको एक रुक्कामा राई, मझिया, किराती, मुर्मी आदिका प्रत्येक घरबाट हरेक वर्ष जनावरको छाला अनिवार्य सङ्कलन गरी सरकारले सञ्चालन गरेको मेगेजिन अड्डामा दाखिल गर्न आदेश दिइएको छ। जनावरको छाला बुझाउन नसक्ने प्रत्येक घरबाट हरेक वर्ष दुई-दुई आनाको दरले दस्तुर उठाउन उल्लेख गरेकामा कामी र सार्कीको घरबाट आठ-आठ आना दस्तुर उठाउन आदेश दिइएको छ। यो आदेशबाट अहिले पनि दलित उत्पीडित अवस्थामा रहेका कामी र सार्कीहरूलाई राज्यबाट कस्तो आर्थिक उत्पीडन र शोषण परेको थियो भन्ने इतिहासको खोजी गर्न ठूलो सहयोग मिल्छ।

**कसले लेख्ने इतिहास ?**

इतिहास अनुसन्धानमा हात बसिसकेका इतिहासकारहरूले सीमान्तकृतहरूको इतिहास लेखी दिए अत्युत्तम हुने थियो। अझ इतिहास लेखनमा नाम चलेका र स्थापित इतिहासकारहरूले नै सीमान्तकृतहरूको इतिहास लेखिदिए त उनीहरूको नामसँगै सीमान्तकृतहरूको ऐतिहासिक सवालहरू सहज रूपमा स्थापित हुने थियो तर स्थापित इतिहासकारहरूले सीमान्तकृतहरूको इतिहासलाई आजसम्म त्यति महत्व दिएनन्। त्यसैले अब सीमान्तकृतहरू आफैं आफ्नो इतिहास लेखनका लागि तयार हुनु नै एक उत्तम विकल्प हुन सक्छ। गौतम बुद्धको भनाइ छ, 'अप्पो दीपो भवः' अर्थात् आफ्नो दीपक आफैं बन। आफ्नो इतिहासप्रति चिन्ता हुनेहरूले आफ्नो इतिहासको अन्वेषण र लेखन आफैं गर्न तत्पर हुनुपर्छ। अरूको भर परेर हुँदैन। *(लेखक इतिहास अध्ययनमा रुचि राख्ने पत्रकार हुनुहुन्छ)*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी

# जनकपुरधाममा महामूर्खको खोजी हुँदै

धनुषा, ९ चैत (रासस) ।

जनकपुरधाममा महामूर्खको खोजी सुरु भएको छ । होली पर्वको अवसरमा आयोजना गरिने होली महोत्सवमा महामूर्ख पदवी प्रदान गर्ने यहाँको चलन छ । मिथिला नाट्यकला परिषद् (मिनाप)ले प्रत्येक वर्ष धुमधामसँग मनाउँदै आएको दुई दिवसीय होरी(होली) महोत्सवअन्तर्गत आयोजना गरिने महामूर्ख सम्मेलनका लागि महामूर्खको खोजी सुरु गरिएको मिनापका महासचिव शैलेन्द्र मल्लिकले बताउनुभयो ।

महामूर्ख सम्मेलन देशैभरि प्रसिद्ध छ । मिथिला नाट्य कलापरिषद् (मिनाप)ले प्रत्येक वर्ष सम्मेलन आयोजना गर्दै आएको छ । मिनापले प्रत्येक वर्ष मिथिला क्षेत्रबाट उच्च तहको बौद्धिक काम गर्ने एक जनालाई महामूर्खसहित विभिन्न व्यङ्ग्यात्मक पदवीबाट सामाजिक सम्मान गर्ने चलन छ ।

आपसी भाइचाराका रूपमा लिइएको होली पर्व जनकपुरधाममा हिन्दूसँगै विभिन्न धर्ममा आस्था राख्नेहरूले सँगै मनाउँछन् । मिथिलामा वसन्त पञ्चमीको आगमनसँगै होली गीत गाउन सुरु गरिन्छ । तर अहिले आएर ग्रामीण इलाकामा फागु गीत गाउनेमा कमी हुन थालेपछि लोपोन्मुख फागु गीतलाई जगेर्ना गर्ने मिनापले करिब तीन दशकदेखि होरी महोत्सवको आयोजन गर्दै आएको छ ।

फागुपूर्णिमाको पूर्वसन्ध्यामा आयोजना हुने दुईदिने होली महोत्सवको पहिलो दिन फागु गीत प्रतियोगिता तथा दोस्रो दिन महामूर्ख सम्मेलनको आयोजन गरिन्छ । मिनापका महासचिव मल्लिकले मैथिली भाषा, साहित्य, कला, संस्कृति तथा लोकगीतको संरक्षण गर्न होली महोत्सव आयोजना गरिएको बताउनुभयो ।

फागु गीत प्रतियोगितामा धनुषा, महोत्तरी, सिरहा, सप्तरी र सर्लाहीका ग्रामीण समूह सहभागी हुने मिनापका महासचिव मल्लिकले बताउनुभयो । महोत्सवको दोस्रो दिन आयोजन हुने महामूर्ख सम्मेलनमा समाजका अगुवा व्यक्तित्वलाई विशेष मानपदवी प्रदान गर्ने चलन छ । सोअन्तर्गत महत्वपूर्ण व्यक्तिलाई महामूर्खको उपाधि प्रदान गरिन्छ । सोअन्तर्गत महामूर्ख तथा अन्य उपाधिकर्तालाई मिथिलामा उत्पादित तरकारीको माला लगाइदिने चलन छ ।

**सम्मेलनको इतिहास**

महामूर्ख सम्मेलन नेपालको विभिन्न स्थानमा हुँदै आए पनि जनकपुरमा यसले निकै उचाइ पाएको छ । तर यसको प्रारम्भ वीरगञ्जबाट भएको हो । मैथिली साहित्य परिषद् वीरगञ्जे पहिलो पटक २०५० सालमा सम्मेलनको आयोजना गरेको थियो । पहिलो पटकको महामूर्ख लाला माधवेन्द्रजीलाई प्रदान गरिएको थियो ।

सम्मेलनको परिकल्पनाकारमध्ये एक रहनुभएका मैथिली साहित्य परिषद्का पूर्वमहासचिव एवं चर्चित पत्रकार चन्द्र किशोर झा भन्नुहुन्छ, "विसं २०४६ सालमा बहुदल आएपछि राजनीतिकरूपमा परिवर्तन भयो । यस परिवर्तनमा सामाजिक तथा साहित्यिक क्षेत्रका व्यक्तिहरूको योगदानको आवश्यकता थियो, यस्तो अवस्थामा सम्मेलनको अवधारणा आएको हो ।"

समाजमा रहेको विकृति विसङ्गतिलाई समाप्त गर्न व्यङ्ग्यले निकै ठूलो भूमिका खेल्ने उहाँको भनाइ छ । वीरगञ्जमा अहिले होरी मिलन समारोह महामूर्ख सम्मेलन आयोजना गर्दै आएको छ । यसप्रकारको सम्मेलन भारतमा पहिले देखिनै हुँदै आएको छ ।

विसं २०६१ देखि जनकपुरधाममा महामूर्ख सम्मेलनको आरम्भ गरिएको थियो । विसं २०६१ मा महामूर्खको उपाधि मैथिली कवि नरेश ठाकुर, विसं २०६२ मा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी(एमाले) का नेता शीतल झा, २०६३ मा तत्कालीन जनकपुर नगरपालिकाका प्रमुख हरिबहादुर विसी, २०६४ मा तत्कालीन सद्भावना पार्टीका नेता ओमकुमार झा प्रदान गरिएको थियो । साथै २०६५ सालमा वरिष्ठ साहित्यकार डा राजेन्द्र विमल, २०६६ मा पूर्वमन्त्री रामचन्द्र झा, २०६७ मा नेपालका चर्चित राजनीतिक विश्लेषक सिके लाल, २०६८ मा साहित्यकार रामभरोष कापडी भ्रमर, २०६९ मा नेपाली कांग्रेसका नेता रामसरोज यादव, २०७० मा तमलोपाका वरिष्ठ नेता डा विजयकुमार सिंह, २०७१ मा नेता शत्रुधन महतो, २०७२ मा श्मशानघाटको स्वरूप परिवर्तन गरी आधुनिक स्वर्गद्वार बनाएर चर्चा बटुलेका पवन सिँघानीयालाई प्रदान गरिएको थियो ।

विसं २०७३ मा सप्तरीको मलेठमा एमालेले गरेको मेची-महाकाली अभियानका क्रममा प्रहरीको गोली लागेर पाँच जनाको मृत्यु भएपछि अन्तिम समयमा मिनापले सो कार्यक्रम स्थगित गरेको थियो । विसं २०७४ मा महामूर्खको उपाधि तमलोपाका अध्यक्ष वृषेशचन्द्र लाल र विसं २०७५ मा जसपाका नेता लालकिशोर साहलाई प्रदान गरिएको थियो ।

त्यस्तै विसं २०७६ मा मधेस प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउत, २०७७ सालमा महजोडी मदन कृष्ण श्रेष्ठ र हरिवंश आचार्य एवं २०७८ सालमा अर्थविद् डा भोगेन्द्र झालाई महामूर्खको उपाधि प्रदान गरिएको थियो भने २०८० को महामूर्खको उपाधि जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज साहलाई प्रदान गरिएको थियो ।

**यसरी छनोट गरिन्छ महामूर्ख ?**

महामूर्खको छनोट कसरी हुन्छ धेरैको उत्सुकताको विषय हुनसक्छ । महामूर्ख सम्मेलनको आयोजक मिथिला नाट्यकला परिषद्का पूर्वअध्यक्ष मदन ठाकुर भन्नुहुन्छ, "महामूर्खको छनोटका लागि एक समिति गठन गरिन्छ । सोही समितिले महामूर्ख छनोट गर्छ ।"

जनकपुरधामका स्थानीय पत्रिकामा एक हप्ता पहिलादेखि यसबारे चर्चा सुरु हुन्छ । नेपाल पत्रकार महासङ्घ पूर्वकेन्द्रीय सदस्य शैलेन्द्र झा भन्नुहुन्छ, "महामूर्ख जनकपुरधामको एउटा लोकप्रिय कार्यक्रम हो । यसलाई सञ्चारमाध्यमले महत्वका साथ स्थान दिएको पाइन्छ ।" महामूर्ख बन्नका लागि मानिसहरू कामना गर्ने उहाँको भनाइ छ ।

विसं २०६५ का महामूर्खको उपाधि प्राप्तकर्ता एवं मैथिलीका वरिष्ठ साहित्यकार डा राजेन्द्रप्रसाद विमल भन्नुहुन्छ, "उपाधि प्राप्त गर्नु आफैँमा ठूलो उपलब्धि हो ।" मिथिला नाटचकला परिषदले प्रत्येक वर्ष महामूर्खसहित १५ जनालाई १५ वटा पदवी प्रदान गर्दै आइरहेको छ । त्यसमध्ये सबभन्दा बढी चासोका साथ महामूर्खको उपाधिलाई हेरिन्छ । सोहीअनुरूप यस वर्ष पनि यस पदवीका लागि विभिन्न आकाङ्क्षीको नाम चर्चामा छ ।

## *महरा हाजिरी...*

पूर्वसभामुख महराको शुक्रबार बयान सकिएपछि उहाँलाई हाजिरी जमानीमा रिहा गरिएको हो ।

यसअघि शुक्रबारै ब्यूरोका प्रवक्ता बोगटीले जिल्ला सरकारी वकिल कार्यालय र ब्यूरोको टोलीले पूर्वसभामुख महराको बयान सकिएको जानकारी दिनुभएको थियो ।

महरालाई गत सोमबार कपिलवस्तुबाट नेपाल प्रहरीले पकाउ गरी काठमाडौँ ल्याएको थियो । महरालाई जिल्ला अदालत काठमाडौँबाट चार दिनको म्याद थप गरी अनुसन्धान सुरु गरिएको थियो ।

सुनको अवैध तस्करी एवम् नियन्त्रणसम्बन्धमा जाँचबुझ गर्न पूर्वन्यायाधीश डिल्लीराज आचार्य नेतृत्वमा गठित आयोगले महराविरुद्ध मुद्दा चलाउनुपर्ने सिफारिस गरेको थियो । सोही सिफारिसका आधारमा ब्यूरोले महरालाई पक्राउ गरेको थियो ।

# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**

## विश्व समाचार

### ईयूद्वारा रूसी खाद्यान्न आयातमा कर वृद्धि गर्ने तयारी

ब्रसेल्स, ९ चैत (रासस/एएफपी) ।

युरोपेली सङ्घ (ईयू) ले युक्रेनविरुद्धको युद्धमा रूसले प्रयोग गर्ने राजस्व सङ्कलनलाई रोक्न खाद्यान्न र त्यससँग सम्बन्धित आयातमा 'निषेधात्मक कर' लगाउने भएको छ ।

युरोपेली आयोगको यो प्रस्ताव ब्रसेल्समा शुक्रबार हुने शिखर सम्मेलनका क्रममा ईयू नेतासमक्ष प्रस्तुत गरिएको हो । व्यापार आयुक्त भाल्डिस डोम्ब्रोवस्कीसले भन्नुभयो, "किएभद्वारा स्वागत गरिएको थप प्रतिबन्धहरू अन्यत्र खाद्य आपूर्तिमा बाधा नपुगोस् भनी ईयूमार्फत अन्य बजारमा पठाउने रूसी अनाजमा लागू हुनेछैन ।"

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले बिहीबार भिडियो लिङ्कमार्फत ईयू नेताहरूसँग रूसी खाद्यान्नको बजारसम्म 'निर्बाध' पहुँच कायम रहेको र युक्रेनी आयात सीमित रहेको गुनासो गर्नुभएको थियो । ब्रसेल्सले २७ राष्ट्र सदस्य रहेको ईयूमा रूसी सम्पत्ति रोक्का गरेको, राष्ट्रपति भ्लादिमिर पुटिनलगायत रूसी नेताहरूलाई लक्षित गरेको र व्यापारमा अङ्कुश लगाएपछि रूसको आर्थिक मामिलामा दबाब बढाउने प्रयास गरिरहेको छ ।

युरोपेली आयोगले घट्दो आयको विरोधमा प्रदर्शन गरिरहेका युरोपका किसानहरूलाई सहुलियत बढाउँदै लगेको छ । घट्दो आयको एक हिस्साको रूपमा उनीहरूले युद्धग्रस्त युक्रेनबाट खाद्यान्न आयात नहुनुलाई दोष दिन्छन् ।

आयोगका अध्यक्ष उर्सुला भोन डेर लेयेनले बिहीबार अबेर राति भन्नुभयो, "प्रस्तावित करले रूसी खाद्यान्नलाई यी उत्पादनहरूमा ईयूको बजारलाई अस्थिर गर्नबाट रोक्नेछ ।"

डोम्ब्रोवस्कीसले भन्नुभयो, "आजको प्रस्ताव समयानुकूल र आवश्यक कदम हो ।"युक्रेनमा रूसको चौतर्फी आक्रमणको लागि उसको भूगोललाई दिएको भन्दै ईयूले बेलारूसका उत्पादनहरूमा पनि कर लगाएको छ ।

आयोगका अनुसार सन् २०२३ मा युरोपेली सङ्घमा रूसी कृषि आयातमा वृद्धि भएपछि यो प्रस्ताव आएको हो ।डोम्ब्रोवस्कीसले भन्नुभयो, "यो करले आयातलाई 'व्यावसायिक रूपमा अव्यावहारिक' बनाउनेछ र 'अवैध रूपमा चोरी गरिएको युक्रेनी अनाज ईयूमा निर्यात गर्ने रूसी अभ्यासलाई रोक्न मद्दत गर्नेछ'।"

उहाँले भन्नुभयो, "हामी विश्वव्यापी खाद्य सुरक्षा कायम राख्न सचेत छौं । यो उपायले रूसी र बेलारूसी अनाज उत्पादनहरूको तेस्रो देशहरूमा पारवहनलाई असर गर्दैन ।"विश्व व्यापार सङ्गठनको नियमअनुसार अहिलेसम्म सबै रूसी खाद्यान्नलाई ईयूको आयात शुल्कबाट छुट दिइएको छ ।

रूसको अर्थतन्त्रको ठूलो हिस्सालाई लक्षित गरी प्रतिबन्ध लगाइए पनि विश्वव्यापी अनाज बजारलाई अस्थिर पार्ने र एशिया र अफ्रिकाको खाद्य सुरक्षालाई कमजोर पार्ने डरले ईयूले अहिलेसम्म कृषि वा मल क्षेत्रलाई लक्षित गरेको थिएन ।

### युक्रेनको ऊर्जा पूर्वाधार रूसी आक्रमणको निशानामा

किएभ, ९ चैत (रासस/सिन्ह्वा) ।

रुसले शुक्रबार बिहान युक्रेनको ऊर्जा पूर्वाधारमा आक्रमण गरी धेरै क्षेत्रहरूको विद्युत सुविधाहरूलाई क्षति पुऱ्याएको युक्रेनी अधिकारीहरूले बताएका छन् ।

युक्रेनी स्वामित्वमा रहेको ऊर्जा कम्पनी युक्रेनर्गोका प्रमुख कार्यकारी अधिकारी भोलोदिमिर कुद्रित्स्कीलाई उद्धृत गर्दै इन्टरफ्याक्स-युक्रेन समाचार एजेन्सीले युक्रेनी ऊर्जा प्रणालीमा भएको यो हवाई आक्रमण 'सम्भवत : सबैभन्दा ठूलो आक्रमण' भएको बताउनुभएको छ । आक्रमणमा क्रुज क्षेप्यास्त्र, साहेद ड्रोन र ब्यालेस्टिक मिसाइलको प्रयोग गरिएको कुद्रित्स्कीले बताउनुभएको छ ।

रुसी सेनाले थर्मल र हाइड्रोइलेक्ट्रिक पावर प्लान्टका साथै युक्रेनर्गोद्वारा सञ्चालित मुख्य पावर सबस्टेशनलाई लक्षित गरेको उहाँले बताउनुभयो ।

युक्रेनको दक्षिणी सहर जापोरिजियामा रहेको युक्रेनको सबैभन्दा ठूलो जलविद्युत केन्द्र डिनिप्रोहेसमा आक्रमण भएको युक्रेनको राज्य सञ्चालित जलविद्युत उत्पादन गर्ने कम्पनी युक्रेन हाइड्रोनेर्गोले जनाएको छ ।आक्रमणपछि डिनिप्रोहेसमा आगलागी भएको तर बाँध टुट्ने कुनै खतरा नभएको कम्पनीले टेलिग्राममार्फत जनाएको छ ।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रुसले युक्रेनमा रातारात ६० वटाभन्दा बढी लडाकू ड्रोन र विभिन्न प्रकारका करिब ९० वटा क्षेप्यास्त्र प्रहार गरेको बताउनुभएको छ ।युक्रेनका क्षतिग्रस्त क्षेत्रमा बिजुली पुनः स्थापना गर्ने काम भइरहेको जेलेन्स्कीले बताउनुभएको छ ।

# सकरपुरा सेमिफाईनलमा प्रवेश




**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत ।**

तिलाठी कोईलाडी गाउपालिकामा संचालित पालिकास्तरिय टि-ट्वान्टी क्रिकेट प्रतियोगितामा सकरपुरा सेमिफाईनलमा गरेको छ ।

शुक्रबार कट्टी माबि खेल मैदानमा सम्पन्न खेलमा सकरपुराले को.मधेपुरालाई ६८ रनले पराजित गर्दै सेमिफाईनलमा प्रवेश गरेको हो । टस जितेर वडा ३ सकरपुराले १५ ओभरमा ६ बिकेटको क्षतिमा १ सय १० रनको योगफल खडा गरेको थियो । जसमा साकेत सिंह ३६ रन, अमित मण्डल २८ रन र अभय मण्डल १० रन बनाएका थिए ।

बलिङतर्फ वडा ६ का सुमित साह २ बिकेट, ध्रुव यादव, अनिल यादव, बिक्रम यादवले १/१ बिकेट लिएका थिए । जवाफमा वडा ६ ले ११ ओभर ५ वलमा सबै बिकेट गुमाई ४२ रन मात्र बनाउन सकेको थियो । जसमा सुमित साहले अविजित २० रन बनाउनु बाहेक कुनै खेलाडी दोहोर अंक पार गर्न सकेन ।

बलिङतर्फ वडा ३ सकरपुराका अभय मण्डल, अमित मण्डल, कुनाल मण्डल २/२ बिकेट र साकेत सिँह १ बिकेट लिएका थिए । उक्त खेलको स्यान अफ दि प्लेयर अमित मण्डल घोषित भएका थिए ।

यस्तै दोश्रो खेलमा वडा ८ तोपाले वडा ४ कोईलाडीलाई १४ रनले पराजित गरेको छ । वडा ८ ले टस जितेर १९ ओभर ५ वलमा १ सय १ रनको योगफल खडा गरेको थियो । जवाफमा वडा ४ कोईलाडीले १५ ओभर ५ वलमा सबै बिकेट गुमाई ८७ रन मात्र बनाउन सकेका थिए । खेलको स्यान अफ दि प्लेयर संजिव कुमार यादव घोषित भएका थिए ।

# चिनियाँ व्यवसायीद्वारा एक लाख किलो चिया अर्डर

मङ्गलबारे (इलाम), ९ चैत (रासस) ।

अनुगमन तथा भ्रमणका लागि यहाँ आएका चिनियाँ चिया व्यवसायीले इलामका विभिन्न चिया उद्योगमा एक लाख किलोग्रामभन्दा बढी चिया अर्डर गरेका छन् । चिया बगान र उद्योगको भ्रमणपछि उनीहरूले सो बराबरको चिया अर्डर गरेका हुन् ।

इलाम नगरपालिका र इलाम उद्योग वाणिज्य सङ्घसँगको पहलमा केही दिनअघि चिनियाँ चिया व्यवसायी यहाँ आएका थिए । उनीहरूलाई यहाँ ल्याउनका लागि चिया व्यवसायी चिरन दाहालले समन्वय गर्नुभएको थियो । सो अवसरमा चिनियाँ व्यवसायी र यहाँका चिया व्यवसायी तथा किसानबीच चिया खरिद, चीनमा चिया निर्यातको सम्भावनालगायतका विषयमा छलफल भएको दाहालको भनाइ छ ।

चिनियाँ व्यवसायीले चियाबारी र उद्योगकोसमेत स्थलगत अनुगमन गरेका छन् । सो अवसरमा चिनियाँ व्यवसायीले देउमाई र इलाम नगरपालिकाका विभिन्न चिया उद्योग र चिया किसान भेटघाट गरेका थिए ।

उद्योग वाणिज्य सङ्घ इलामका अध्यक्ष चेतनाथ पौडेल कृष्णले एक महिनाअघि पाँच जना चिनियाँ व्यवसायीले यहाँ आएर अनुगमन गरेको र अहिलेसो परिमाणमा चिया अर्डर गरेको बताउनुभयो । चियाको पहिलो टिपाइ सुरु हुनै लाग्दा चीनबाट आएको व्यवसायीको टोलीले अवलोकनपछि चिया अर्डर गरेपछि नयाँ उत्साह प्राप्त भएको उहाँको भनाइ छ ।

इलाम नगरपालिकाले यसअघिदेखि नै यसका लागि पहल गरिरहेको नगरपालिकाका प्रमुख केदार थापाले बताउनुभयो । चिनियाँ व्यवसायीहरूले नेपाली चियाको गुणस्तर निकै राम्रो भएको प्रतिक्रिया दिएका थिए । नेपालमा उत्पादन भएको चिया ८० प्रतिशत भारतमा निर्यात हुने गरेकोमा अब चीनमा पनि निर्यात हुने आशा पलाएको छ ।

### जसरी भएपनि सत्तामा...

स्वार्थका कारण संघियताको प्रत्याभुती मधेशी जनताले गर्न नपाएको टिप्पणी गरे ।

उनले राप्रपाद्वारा काठमाडौमा हुन लागेको विशाल जनप्रदर्शनमा सहभागी हुन मधेशका जनतालाई निम्तो दिन पनि आफुहरु आएको बताए ।

राप्रपाका जिल्ला अध्यक्ष उम्मदेश्वर साहको अध्यक्षतामा आयोजित पत्रकार सम्मेलनमा राप्रपाका केन्द्रिय उपाध्यक्ष बुद्धिमान तामाङ, रविन्द्र मिश्र, महिला संगठन विभाग प्रमुख कुमारी तामाङ, प्रशिक्षण विभाग प्रमुख खुश्बु ओली, मधेश प्रदेश कमिटी सदस्य विनोद कुमार पाण्डे लगायतको उपस्थिति रहेको थियो ।

# सर्लाहीका किसानद्वारा सडकमा माछा फालेर विरोध

बरहथवा (सलाही), ९ चैत (रासस) ।

चर्को विद्युत् महसुल असुलेको भन्दै सर्लाहीका माछा किसान आन्दोलित भएका छन् । आन्दोलित किसानले शुक्रबार पूर्वपश्चिम राजमार्गस्थित फुलजोर चोकमा सडकमै माछा फालेर विरोध गरेका हुन् ।

गाउँगाउँबाट जम्मा भएका किसानले करिब पाँच क्विन्टल माछा सडकमा फालेका थिए । माछाखेती गर्ने किसानलाई विद्युत् प्राधिकरणले औद्योगिक मिटरअनुसार शुल्क असुलेर ढाड सेकेको किसानको आरोप छ ।

विद्युत् प्राधिकरणले सुरुमा कृषि मिटर भनेर जोडिदिएको भए पनि अहिले चर्को शुल्क लिने गरेको ईश्वरपुर नगरपालिका-३ भक्तिपुरका माछा किसान लक्ष्मीप्रसाद लामिछानेले बताउनुभयो । किसानलाई माछापालन गर्न नसक्ने गरी प्राधिकरणले विद्युत् महसुल असुलेको उहाँले भनाइ छ । "किसान यसै पनि सङ्कटमा छन्", उहाँले भन्नुभयो, "त्यसमाथि चर्को विद्युत् शुल्क किसानले कहाँबाट तिर्ने ?"

आफूहरूले पटकपटक सम्बन्धित निकायमा ध्यानाकर्षण गराउँदासमेत सुनुवाइ नभएको भन्दै सरकारले किसानमा विभेद गरेको रामनारायण सहनीले बताउनुभयो । धान, मकैखेती गर्ने किसानलाई कृषि मिटर दिने प्राधिकरणले माछापालन बढोस् भन्ने नचाहेको आन्दोलित किसानको गुनासो छ । सरकारले एकातिरबाट पोखरी खन्न अनुदान दिएर उस्काउने र अर्कोतर्फबाट विभिन्न शुल्क असुल्ने गरेको सहनीको भनाइ छ ।

जिल्लाको ईश्वरपुर तथा हरिपुर्वा नगरपालिका, चन्द्रनगर र पर्सा गाउँपालिकालगायत ठाउँमा ठूलोमात्रामा माछापालन हुँदै आएको छ । यसरी माछापालनबाट आत्मनिर्भर हुन खोजेका किसानलाई पलायन गर्नेगरी विद्युत् महसुल लिने तथा जरिवानाका नाममा मर्कामा पर्ने गरेको माछा किसान राजु मण्डलले बताउनुभयो । उहाँका अनुसार जिल्लामा उत्पादन भएको माछा देशका ठूला व्यापारिक केन्द्रसम्म पुग्ने गरेको छ ।

माछा किसानमाथि विद्युत् महसुलका कारण भएको अन्यायेकाविरुद्ध आफूहरू सशक्त ढङ्गले लाग्ने ईश्वरपुर नगरपालिकाका प्रमुख मनोजकुमार आचार्यले बताउनुभयो । नगरले कृषि मिटरमा किसानका लागि राहत दिने तयारी गरिरहँदा प्राधिकरणले चर्को शुल्क असुलेको उहाँको आरोप छ । सरकारले किसानका पक्षमा तत्काल निर्णय गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

खुला सीमाका कारण भारतीय माछा नेपाली हाट बजारमा छ्यापछ्याप्ती हुने गरेका छन् । यसबाट नेपालका माछा किसान सधैँ मर्कामा पर्ने गरेका नगरपालिकाका पूर्वप्रमुख मनोजकुमार देवकोटाले बताउनुभयो । माछा किसानलाई अनुदानलगायतको व्यवस्था र विद्युत्मा सहुलिएत दिएर सहयोग गर्नुपर्ने उहाँको भनाइ छ ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**



## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**


**बिष्णुपुर गाउँपालिका, सप्तरी**



**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*